# सङ्खुवासभा जिल्लाका कक्षा नौमा अध्ययनरत मगरभाषी विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटिसम्बन्धी अध्ययन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषाशिक्षा
विभाग, स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको
नेपा.शि.५९८ को प्रयोजनार्थ
तयार पारिएको

**शोधपत्र**


**शोधकर्ता**

मिनकुमार आले
क्याम्पस रोल नं. : १५३ (०६३/०६४)
परीक्षा क्रमाङ्क : २१४०५१३/०६६
त्रि.वि.दर्ता नं. : ९-१-९-२६०-९९

सुकुना बहुमुखी क्याम्पस
नेपाली विभाग
इन्द्रपुर, मोरङ


२०६८

# शोधनिर्देशकको स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **सङ्खुवसभा जिल्लाका कक्षा नौमा अध्ययनरत मगरभाषी विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटिसम्बन्धी अध्ययन** शीर्षकको शोधपत्र शोधार्थी मिनकुमार आलेले मेरो निर्देशनमा तयार पार्नुभएको हो । कडा मिहिनेत र लगनशीलताका साथ तयार पारिएको यस शोधकार्यप्रति म सन्तुष्ट रहेको छु । अतः यस शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि विभाग समक्ष सिफारिस गर्दछु ।

मितिः २०६८ माघ

शोधनिर्देशक
गेहेन्द्र खनाल
सुकुना बहुमखी क्याम्पस इन्द्रपुर,मोरङ
नेपाली भाषा शिक्षा विभाग

# कृत१ता-१ापन

कुनै पनि अध्ययन कार्य आफैमा जटिल र चुनौतीपूर्ण कार्य हो । अनुसन्धान कार्यका लागि निरन्तर कसरत, अथक परिश्रम र उचित मार्गदर्शनको खाँचो अपरिहार्य छ । सबैतिर छरिएर रहेका सम्बन्धित भाषिक समुदायमै गएर सो भाषासम्बन्धी नौलो अध्ययनहरू गर्नु ज्यादै कठिन हुन्छ । यस्तो अध्ययन कार्यलाई एउटा निश्चित गोरेटो प्रदान गरी लक्षित बिन्दुसम्म पुऱ्याउन आफ्ना अनेकौं व्यस्तताका वावजुद जुनसुकै घडीमा समय उपलब्ध गराएर सारगर्भित निर्देशन र उचित मार्गदर्शन गर्दै अमूल्य सहयोग गर्नुहुने आदरणीय मेरा गुरु गेहेन्द्र खनालप्रति कृतज्ञता ज्ञापन व्यक्त गर्दछु ।

त्यस्तै शोधपत्र तयार पार्दाको अवस्थादेखि शोधकार्य सम्पन्न हुँदासम्म अत्यन्तै हौसला र सल्लाह दिनुहुने श्रद्धेय गुरु प्रेमप्रसाद भट्टराईप्रति पनि हार्दिक कृतज्ञता व्यक्त गर्दछु । मैंले यो अध्ययन स्नातकोत्तर तह पाठ्यांश नं. ५९८ को प्रयोजनका लागि तयार पारेको भएतापनि यो सानो अध्ययनले मगरभाषाका बारेमा सहयोग पुगेको खण्डमा मलाई सन्तोषको अनुभूति हुनेछ ।

आफ्नो सन्तानले दुःख पाए दुःखको र सुख पाए सुखको अनुभूति गर्ने अनि सधैं सन्तानको प्रगतिका लागि आर्शिवाद दिइरहनुहुने पुजनीय पिता वसन्तकुमार आले र माता लिलामाया आलेप्रति सदा ऋणी छु । त्यस्तै यो मेरो कार्यलाई पूर्णता दिन जुनसुकै वखत समय उपलब्ध गराई समर्पित हुने सहृदयी जीवन सङ्गिनी निर्मला र आफ्ना बालसुलभ हातहरूले मेरो लेखन यात्रालाई ठेस लगाइदिदैं लेखन यात्रालाई रसिक बनाउन सहयोग पुऱ्याउने दुई सन्तान हिमाल र बर्षा पनि धन्यवादका पात्र छन् ।

यस अध्ययन कार्य तयार गर्ने क्रममा मैंले अध्यापन गरिरहेको विद्यालयबाट समय उपलब्ध गराई सहयोग पुऱ्याउनुहुने प्र.अ.बद्रीप्रसाद श्रेष्ठको गुनलाई भुल्न सक्दिन । त्यस्तै मेरो यस शोधकार्यको प्रश्नावलीमा विद्यार्थी तथा कोठा उपलब्ध गराई सहयोग गर्ने श्री जनज्योति उच्च मा.वि. धुपू, सरस्वती मा.वि. चैनपुर, रामेश्वर उच्च मा.वि. माम्लिङ र अमरुवा उच्च मा. वि. आँखिभुईलाई हृदयदेखि नै आभार व्यक्त गर्न चाहन्छु । त्यसरी नै मगरभाषासम्बन्धी थोरबहुत जानकारी दिनुहुने श्री रामेश्वर उच्च माध्यमिक विद्यालयका माम्लिङ -६ का शिक्षक अरुण मगर, कम्प्युटर टाइप गर्न सहयोग पुऱ्याउने होराइजन कम्प्युटर सेन्टरका अश्विन उप्रेतीलाई धन्यवाद दिन चाहन्छु । त्यसका अलावा यस शोधकार्यको सन्दर्भ सामग्रीका रूपमा प्रयोग गरेका ग्रन्थका ग्रन्थकार, विद्धानहरू, अध्ययन गरिएका विद्यार्थीहरू, यस शोधकार्यमा प्रत्यक्ष अप्रत्यक्षरूपमा सहयोग पुऱ्याउने सम्पूर्ण विद्धान, बुद्धिजिवी तथा महानुभावहरूप्रति कृतज्ञता ज्ञापन व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा मेरो यो शोधपत्रको मूल्याङ्कन गरी स्वीकृति प्रदान गर्नुहुने मूल्याङ्कन समितिका मेरा आदरणीय विद्वान गुरुहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

मिति २०६८ माघ

अध्येता

मिनकुमार आले

# शोधसार

## १. शोधशीर्षक

सङ्खुवासभा जिल्लाका कक्षा-९ मा अध्ययनरत मगरभाषी विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटिसम्बन्धी अध्ययन ।

## २. शोध उद्देश्यहरू

क) सङ्खुवासभा जिल्लाका कक्षा-९ मा अध्ययनरत मगरभाषी विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटि र त्रुटिका क्षेत्रहरू पत्ता लगाउनु ।

ख) ती त्रुटिहरूको वर्णन र विश्लेषण गरी त्रुटि हुनाका कारणहरू पत्ता लगाउनु ।

ग) ती त्रुटिहरूको निष्कर्ष निकाली निराकरणका लागि आवश्यक सुझाबहरू प्रस्तुत गर्नु ।

## ३. शोध सीमा

यो अध्ययन सङ्खुवासभा जिल्लाका तीनवटा गाविसहरू क्रमशः धुपू, चैनपुर, माम्लिङ र आँखिभुइमा अवस्थित चारवटा सरकारी विद्यालयको कक्षा-९ मा अध्ययन गरिरहेका मगर मातृभाषा भएका ६० जना विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनको (लिङ्ग, वचन, पुरुष र आदर) आधारमा उनीहरूले गर्ने त्रुटिहरूको अध्ययनमा सीमित रहेको छ ।

## ४. शोध विधि

क) क्षेत्रीय विधिअन्तर्गत शोधकर्ता आफै सम्बन्धित भूगोलमा अवस्थित विद्यालयहरूमा गई यादृच्छिक नमुना विधिद्वारा प्रति विद्यालय १५/१५ जनाका दरले मगरभाषी विद्यार्थीहरूलाई पहिचानात्मक ( वस्तुगत) र उत्पादनात्मक (विषयगत) उत्तर लेख्न लगाएर सामग्री सङ्कलन गरिएको छ ।

ख) प्राप्त भएका सामग्रीको वर्गीकरण र विश्लेषणका आधारमा क्रमशः पूर्वनिर्धारित कोटिपद्धति अपनाएर आवश्यक पुस्तकालयीय विधि तथा आदरणीय गुरुवर्गहरूसँगको सुझाबहरूलाई आधार मानेर निष्कर्षमा पुगिएको छ ।

## ५. शोध निष्कर्ष

यस शोधको निष्कर्षलाई बुँदागतरूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

क) मगर मातृभाषा भएका विद्यार्थीहरूले नेपाली भाषा दोस्रो भाषाका रूपमा सिक्ने गर्दछन् । यस क्रममा उनीहरूले स्तरीय नेपाली वाक्यगठनमा प्रशस्तै त्रुटिहरू गरेको पाइन्छ ।

ख) स्तरीय नेपाली वाक्यगठनको लिङ्ग, वचन, पुरुष र आदरार्थी प्रयोगमध्ये सबैभन्दा बढी विद्यार्थीले वचनगत त्रुटि गरेका छन् र सबैभन्दा कम विद्यार्थीले आदरगत त्रुटि गरेका छन् । वस्तुगत प्रश्नावलीमा गरेको उनीहरूको त्रुटिलाई आधार मान्दा वचनगत त्रुटि गर्ने विद्यार्थी सङ्ख्या ५४.८३ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी सबैभन्दा कम त्रुटि भएको भनिएको आदरगत त्रुटि गर्ने विद्यार्थी सङ्ख्या ३०.४७ प्रतिशत रहेको छ । लिङ्ग, वचन, पुरुष र आदरको समग्र पक्षमा त्रुटि गर्ने विद्यार्थीहरूको औसत त्रुटि प्रतिशत रहेको छ । यसबाट उनीहरूको उच्च त्रुटिदर झल्किन्छ ।

ग) लिङ्गगत त्रुटिअन्तर्गत पुलिङ्गी र स्त्रीलिङ्गी भेदक कर्ताअनुसार भेद्यबीचमा सङ्गति हुन नसक्दा विद्यार्थीहरूले भेदक र भेद्यमा सबैभन्दा बढी त्रुटि गरेको पाइन्छ ।

घ) वचनगत त्रुटिअन्तर्गत एकवचन र बहुवचन भेदक कर्ताअनुसार भेद्यबीचमा सङ्गति हुन नसक्दा उनीहरूले भेदक र भेद्यमा सबैभन्दा बढी त्रुटि गरेको पाइन्छ ।

ङ) पुरुषगत त्रुटिअन्तर्गत प्रथम, द्वितीय, र तृतीय पुरुष भेदक कर्ताअनुसार भेद्यबीचमा सङ्गति हुन नसक्दा उनीहरूले भेदक र भेद्यमा सबैभन्दा बढी त्रुटि गरेको पाइन्छ ।

च) आदरगत त्रुटिअन्तर्गत सामान्य, मध्यम, उच्च र अत्युच्च भेदक कर्ताअनुसार भेद्यबीचमा सङ्गति हुन नसक्दा उनीहरूले भेदक र भेद्यमा सबैभन्दा बढी त्रुटि गरेको पाइन्छ ।

छ) उक्त त्रुटिहरू हुनाका प्रमुख कारणहरूमा मातृभाषाको प्रभाव, स्तरीय भाषिक प्रयोग, वातावरणको अभाव, शिक्षणसँग सम्बन्धित कारणहरू, नेपाली भाषाको आफ्नै कठिनाइ तथा विद्यार्थीको वैयक्तिक रुचि र बौद्धिकता आदि साझा कारणहरू जिम्मेवार रहेको कुरा ठम्याउन सकिन्छ ।

ज) विद्यार्थीहरूले गर्ने उक्त त्रुटिहरू अर्थबाधक खालका नभएपनि व्याकरणिक तथा स्तरीय प्रयोगका दृष्टिले गम्भीर प्रकृतिका छन् । तापनि त्यस्ता त्रुटिहरू निराकरण गर्न सकिने खालका नै छन् ।

## सुझावहरू

क) तल्ला कक्षाहरूदेखि नै नेपाली शिक्षणमा विशेषरूपमा जोड दिंदै दोस्रो भाषाका रूपमा नेपाली सिक्ने विद्यार्थीहरूलाई नेपाली पहिलोभाषी विद्यार्थीको तुलनामा बढी ध्यान दिएर शिक्षण गरिनुपर्छ । त्यसका लागि नेपाली भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तकमा आवश्यक परिमार्जन र सुधार गर्नुपर्ने हुन्छ ।

ख) विषयगत शिक्षकको व्यवस्था, शिक्षक तालिम तथा शैक्षिक सामग्रीको प्रयोगलाई अनिवार्य गरी तालिम प्राप्त शिक्षकहरूलाई पनि शिक्षणका क्रममा उनीहरूको निरीक्षण अनुगमन गरी पुरस्कार तथा सजायको व्यवस्था गरिनुपर्छ ।

ग) नेपाली भाषा अध्यापन गर्ने शिक्षकले व्यतिरेकी अध्ययनको सहारा लिएर सोहीअनुसारका त्रुटिहरूमा विद्यार्थीहरूलाई बारम्बार अभ्यास गराउनाले त्रुटि कम गराउन सकिन्छ ।

घ) वाक्यगठनसम्बन्धी त्रुटिको निराकरणका लागि सैद्धान्तिक व्याकरणको धारणा व्याख्यान् विधिद्वारा गर्नुभन्दा प्रयोगमूलक अभ्यासमा जोड दिनाले त्रुटिलाई कम गराउन सकिन्छ ।

ङ) नेपाली भाषा व्याकरणका विभिन्न पक्षहरूमा बढी जोड दिइनुपर्ने गरी पाठ्यक्रम निर्माण गर्नुपर्ने देखिन्छ ।

च) विद्यार्थीहरूलाई नियमितरूपमा कक्षाकार्य र गृहकार्यमा सरिक गराई निरन्तर पृष्ठपोषण दिई निर्माणात्मक मूल्याङ्कनलाई अवलम्बन गर्नु आवश्यक छ ।

छ) भाषाका चारवटै सीपलाई एकिकृत हुनेगरी शिक्षण गर्नु आवश्यक छ ।

## विषयसूची


| | |
|---|---|
| शोधनिर्देशकको स्वीकृत पत्र | i |
| कृतज्ञता | ii |
| शोधसार | iv |
| विषयसूची | viii |


## अध्यायः एक

## परिचय


| | |
|---|---|
| १.१ शोध शीर्षक | १ |
| १.२ शोध प्रयोजन | १ |
| १.३ समस्या कथन | १ |
| १.४ अध्ययनको उद्देश्य | ३ |
| १.५ अध्ययनको औचित्य | ४ |
| १.६ पूर्वकार्यको समीक्षा | ६ |
| १.७ अध्ययनको सीमा | ११ |
| १.८ अध्ययनका विधि एवम् प्रक्रिया | १२ |
| १.८.१ जनसङ्ख्या | १२ |
| १.८.२ नमुना छनोट | १२ |
| १.८.३ सामग्री सङ्कलन | १२ |
| १.८.४ व्याख्या विश्लेषण र प्रस्तुती | १३ |
| १.९ शोधपत्रको रूपरेखा | १३ |


## अध्यायः दुई

## त्रुटिविश्लेषणको सैद्धान्तिक अवधारणा


| | |
|---|---|
| २.१ त्रुटिविश्लेषणको सैद्धान्तिक परिचय | १४ |
| २.२ त्रुटिविश्लेषणको महत्त्व र उपयोगिता | १७ |
| २.३ त्रुटिको वर्गीकरण | १८ |

२.३.१ विकासशीलताको आधारमा १८
२.३.२ भाषाकोटिको आधारमा १९
२.३.३ स्रोतको आधारमा १९
२.३.४ गम्भीरताको आधारमा २०
२.३.५ व्यापकताको आधारमा २१
३.३.६ स्वरूपका आधारमा २१
२.३.७ औचित्यको आधारमा २१
२.४ त्रुटिविश्लेषण प्रक्रिया २२
२.५ नेपाली पदसङ्गतिगत त्रुटि २३
२.६ निष्कर्ष २६

**अध्यायः तीन**

## सङ्खुवासभा जिल्लाको परिचय

३.१ सङ्खुवासभा जिल्लाको सङ्क्षिप्त परिचय २७
३.२ मगरभाषाको सङ्क्षिप्त परिचय २८

**अध्यायः चार**

## वाक्यगठनसम्बन्धी त्रुटिको अध्ययन र विश्लेषण

४.१ वाक्यगठनको परिचय ३२
४.२ लिङ्गको आधारमा नेपाली र मगरभाषाको वाक्यगठन ३२
४.२.१ कर्ता (मानवीय) र क्रियापद ३२
४.३ वचनका आधारमा नेपाली र मगरभाषाको वाक्यगठन ३४
४.३.१ कर्ता र क्रियापद ३४
४.३.२ विशेष्य र विशेषण ३५
४.४ परुषका आधारमा नेपाली र मगरभाषाको वाक्यगठन ३७
४.५ आदरका आधारमा नेपाली र मगरभाषाको वाक्यगठन ३९

४.६ समग्रमा वाक्यगठनगत त्रुटिको तथ्याङ्कीय विश्लेषण ४२
४.७ लिङ्गका विभिन्न पक्षमा देखिएका त्रुटिहरूको तथ्याङ्कीय विश्लेषण ४३
४.८ वचनका विभिन्न पक्षमा देखिएका त्रुटिहरूको तथ्याङ्कीय विश्लेषण ४४
४.९ पुरुषका विभिन्न पक्षमा देखिएका त्रुटिहरूको तथ्याङ्कीय विश्लेषण ४५
४.१० आदरका विभिन्न पक्षमा देखिएका त्रुटिहरूको तथ्याङ्कीय विश्लेषण ४५
४.११ प्रश्नका आधारमा वाक्यगठनठत त्रुटिहरूको तथ्याङ्कीय विश्लेषण ४६
४.११.१ लिङ्गगत त्रुटि ४६
४.११.२ वचनगत त्रुटि ४७
४.११.३ पुरुषगत त्रुटि ४८
४.११.४ आदरगत त्रुटि ४८
४.१२ स्वतन्त्रलेखनसम्बन्धी त्रुटिविश्लेषणात्मक विवेचना ४९
४.१२.१ प्रश्नका आधारमा स्वतन्त्र लेखनसम्बन्धी त्रुटिहरूको तथ्याङ्कीय विश्लेषण ४९
४.१२.२ परीक्षणका क्रममा देखिएका लिङ्गसम्बन्धी त्रुटिहरू निम्न खालका देखिए: ५०
४.१२.३ परीक्षणका क्रममा देखिएका वचनसम्बन्धी त्रुटिहरू निम्न खालका देखिए: ५०
४.१२.४ परीक्षणका क्रममा देखिएका पुरुषसम्बन्धी त्रुटिहरू निम्न खालका देखीए: ५१
४.१२.५ परीक्षणका क्रममा देखिएका आदरसम्बन्धी त्रुटिहरू निम्न खालका देखिए: ५१

**अध्याय: पाँच**

**निष्कर्ष र सुझाव**

५.१ निष्कर्ष ५३
५.२ सुझाव ५६
५.३ थप अध्ययनको आवश्यकता ५९
*सन्दर्भग्रन्थ सूची*
*परिशिष्टहरू*